अर्थतन्त्र

# एकद्वार प्रणालीले ५० करोड बचायो

नरहरि सापकोटा

*गोरखा, साउन २*

एकद्वार प्रणालीबाट राहत बाँड्दा गोरखामा खर्च हुने सरकारको करिब ५० करोड रूपैयाँ बचेको छ। भूकम्पपीडितलाई सहयोग गर्न जिल्ला आएका राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थालाई जिल्ला दैवी प्रकोप उद्धार समितिले एकद्वार प्रणालीमार्फत राहत बाँड्न लगाउँदा सरकारी पैसा बचेको हो।

घर पूर्ण रूपमा क्षति भएकालाई दिइने १५ हजार रूपैयाँ २७ गाविस र एक नगरपालिकाका २६ हजार घरधुरीलाई संघ-संस्थाले बाँडेका हुन्। तिनले केही गाविसमा जस्तापाता पनि बाँडे। उत्तरी गाविस सिर्दिबास, चुम्चेत, छेकम्पार, बिही, प्रोक, ल्हो, सामागाउँमा संघ-संस्थाले प्रतिपरिवार दुई बन्डलका दरले जस्ता बाँडे।

यी सात गाविसका १७ सय ७१ धुरीलाई दुई करोडको जस्तापाता बाँडिएको छ। हेलिकप्टरबाहेक अन्य साधनबाट ढुवानी गर्न नसकिने ठाउँमा ढुवानीमा मात्र १० करोड रूपैयाँ खर्च हुने स्थिति रहेको प्रमुख जिल्ला अधिकारी उद्धव तिमल्सेनाले बताए।

'हामीले जस्ता पुऱ्याउनै सक्ने थिएनौं, एनजिओ, आइएनजिओलाई एकद्वार प्रणालीमा ल्याउनु नै हाम्रो लागि फाइदा भयो,' तिमल्सेनाले भने।

यी बाहेक अन्य १८ गाविस र एक नगरपालिकामा पनि संघ-संस्थाले नै नगद १५ हजार बाँडे। यी मध्ये सबैभन्दा धेरै ७ गाविस र एक नगरपालिकामा सिआरएस नामको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नगद १५ हजार र जस्तापाता बाँडेको छ। ६० गाविस र दुई नगरपालिका रहेको गोरखामा एक नगरपालिका र २६ गाविसमा जिल्ला प्रशासनले सरकारले पठाएको ५८ करोड ५० लाख ४५ हजार बाँडेको हो।

बाँकी केही गाविसमा सरकारी निकाय, एनजिओ, आइएनजिओले मिलेर नगद बाँडेका छन्। भूकम्पले घर पूर्ण क्षति भएकालाई जस्तापाता वा नगद १५ हजार दिने सरकारी पैसा गोरखामा ५० करोड बचेको उनले बताए। करिब ४१ करोड नगद तथा जस्तापाता खरिद र ढुवानी खर्चबापत ९ करोड बचत भएको छ।

गृह मन्त्रालयले भूकम्पयता जिल्ला प्रशासन कार्यालयमा ६८ करोड ७ लाख रूपैयाँ पठाएको थियो। मृतक परिवार चार सय ८६ लाई राहत ६ करोड ४६ लाख, घर भत्किएकालाई ५८ करोड ५० लाख र अन्य राहत वितरण गरी प्रशासनसँग करिब दुई करोड रूपैयाँ बाँकी रहेको प्रजिअ तिमल्सेनाले बताए।

उनले भने, 'सरकारले पठाएको पैसा आधा अपुग हुने थियो, गैरसरकारी संघ-संस्थालाई आफूखुसी राहत बाँड्न नदिँदा फाइदा भयो।' उत्तरी ७ गाविसका सरकारले हेलिकप्टरबाट जस्तापाता पुऱ्याउनै महिनौं लाग्थ्यो। संघ-संस्थाले ७५ प्रतिशत वितरण गरिसकेका छन्। अन्य गाविसमा नगद वितरण गर्न सरकारी संयन्त्रबाट समय लाग्ने बताउँदै दैवी प्रकोप उद्धार समितिका अध्यक्षसमेत रहेका प्रजिअ तिमल्सेनाले भने, 'गाविस जिम्मा दिएर वितरण गर्न भनेकाले दोहोरोपन आएन, संघ-संस्थाको पारदर्शिताको समेत मूल्यांकन गर्न सजिलो भो।'

अन्य जिल्लाले भन्दा गोरखाले सरकारी योजना पूरा गरेर खर्च कम गराएको प्रजिअ तिमल्सेना दाबी गर्छन्। 'गोरखामा हामीले नमूना पेस गर्न सक्यौं,' उनले भने। सरकारले भूकम्पपीडितलाई दिने १५ हजारमा मात्रै ५० करोडभन्दा बढी फाइदा भएको उनले बताए। 'अन्य ननफुड आइटमलाई यसभित्र समेटेका छैनौं,' उनले भने।

